# नेपाल पत्रकार महासंघ
## प्रदेश कार्यसमिति निर्वाचन (कार्यविधि) निर्देशिका २०७४

नेपाल पत्रकार महासंघको विधान २०६० (चौथो संशोधन-२०७३) को दफा १६ (२) अनुसार प्रदेश कार्यसमिति निर्वाचन गर्नका लागि नेपाल पत्रकार महासंघको २०७४ फागुन २१ र २२ गतेको केन्द्रीय समितिको बैठकको निर्णय बमोजिम **प्रदेश कार्यसमिति निर्वाचन (कार्यविधि) निर्देशिका २०७४** जारी गरिएको छ ।

१. नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयले स्वीकृत गरी अध्यक्षको हस्ताक्षरसहित पठाएको नामावली अनुरुप सम्बन्धित प्रदेशका सबै साधारण सदस्यहरु प्रदेश कार्यसमितिको निर्वाचनका लागि मतदाता हुनेछन् । एशोसियट प्रदेशको हकमा एसोसियट संस्थाका साधारण सदस्यहरु मतदाता हुने छन् । तर, उनीहरुको नामावली पत्रकार महासंघको केन्द्रीय कार्यालयले तयार गरी अध्यक्षको हस्ताक्षर सहित पठाएको अन्तिम मानिने छ ।

२. केन्द्रीय कार्यसमितिको बैठकले प्रदेश अधिवेशनको मिति तय गर्ने छ र सो मिति भन्दा कम्तीमा ३० दिन अगावै देहायबमोजिम प्रदेश कार्यसमितिको निर्वाचन प्रयोजनका लागि ५ सदस्यीय केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| (क) प्रमुख निर्वाचन अधिकृत : महासंघको सदस्य रहेको वरिष्ठ पत्रकार | १ |
| (ख) निर्वाचन अधिकृत : कानुन व्यवसायी (अनिवार्य) | १ |
| (ग) निर्वाचन अधिकृत : क्रियाशील पत्रकार | ३ |

३. केन्द्रीय निर्वाचन समितिलाई निर्वाचन सम्पन्न गर्ने प्रक्रियामा सघाउन तथा आवश्यक समन्वय गर्न प्रत्येक प्रदेशमा पत्रकार महासंघका सम्बन्धित प्रदेशका केन्द्रीय सदस्यलाई जिम्मेवारी तोकिने छ । प्रदेश निर्वाचनका लागि सबै शाखाहरुमा शाखा कार्यसमितिको बैठकबाट देहाय बमोजिमको निर्वाचन समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) मुख्य निर्वाचन अधिकृत : महासंघको सदस्य रहेको वरिष्ठ पत्रकार | १ |
| (ख) निर्वाचन अधिकृत : जिल्ला बार अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | १ |
| (ग) निर्वाचन अधिकृत : महासंघको सदस्य रहेको पत्रकार महिला | १ |

प्रत्येक शाखामा पत्रकार महासंघको केन्द्रीय कार्यालयको निर्णयबाट अध्यक्षले एकजना केन्द्रीय प्रतिनिधि तोक्ने छ । निर्वाचन समितिले निर्वाचन प्रक्रिया अगाडि बढाउँदा केन्द्रीय निर्वाचन समितिले तयार गरेको कार्यतालिका अनुसार सम्बन्धित शाखामा शाखा समितिसँगको परामर्शमा मतदान स्थल तोकी निर्वाचन सम्पन्न गराउने दायित्व शाखा स्तरीय निर्वाचन समितिको हुने छ । यो प्रक्रियामा केन्द्रीय प्रतिनिधिले शाखा समिति र केन्द्रीय समितिका बीच आवश्यक समन्वय गरी निर्वाचन प्रक्रियालाई सहज बनाउन भूमिका खेल्ने छ ।


४. केन्द्र स्तरीय र शाखा स्तरीय निर्वाचन समितिमा रहेका पत्रकारहरुले सदस्यता नामावलीमा नाम भएता पनि कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैनन् । तर, मतदान गर्न भने पाउने छन् । त्यसैगरी प्रदेश निर्वाचनका क्रममा केन्द्रीय प्रतिनिधि खटिएका केन्द्रीय पदाधिकारी तथा सदस्यहरुले आफू मतदाता रहेको प्रदेश अन्तरगत जुनसुकै मतदान केन्द्रबाट मतदान गर्न सक्ने छन्, केन्द्रीय प्रतिनिधि मनोनयन गरिएको केन्द्रीय अध्यक्षको आधिकारिक पत्रमा निजले मतदान गर्ने शाखा (केन्द्र) तोकी पठाएको हुनुपर्ने छ । सम्बन्धित शाखाको निर्वाचन समितिले निजको नाम मतदाता नामावलीमा समावेश गरी मुचुल्का गर्ने छ ।

५. निर्वाचनको मिति सबै प्रदेशमा एकै दिन हुनेगरी केन्द्रीय समितिले तोक्नेछ । तर, निर्वाचन कार्यक्रम तय गर्ने अधिकार केन्द्रीय कार्यसमितिको परामर्शमा केन्द्रीय निर्वाचन समितिलाई हुनेछ । निर्वाचन कार्यतालिका बनाउँदा उम्मेदवारी दर्ता र मतदानको दिनको फरक १५ दिन हुनुपर्नेछ । कुनै कारणबश कुनै मतदानस्थलमा तोकिएको मितिमा निर्वाचन हुन नसकेमा केन्द्रीय निर्वाचन समितिसँगको समन्वयमा केन्द्रीय प्रतिनिधिले उपयुक्त दिनको छनौट गर्ने छ र सोही दिन पुनः मतदान हुनेछ ।

६. प्रदेश कार्यसमितिमा उम्मेदवार बन्न चाहने योग्यता पुगेको व्यक्तिले केन्द्रीय निर्वाचन समितिले तोकेको कार्यतालिका अनुसार केन्द्रीय निर्वाचन समितिले तोकेको बैंक खातामा रकम जम्मा गरेको भौचरसहित प्रदेशको अस्थायी राजधानी भएको शाखा स्तरीय निर्वाचन समितिमा उम्मेदवारी दिनु पर्ने छ । प्रतिष्ठान, एशोशियट र उपत्यका प्रदेशको हकमा भने केन्द्रीय स्तरको निर्वाचन समितिको कार्यालयमा उम्मेदवारी दर्ता गराउनु पर्ने छ । साथै उम्मेदवारी दर्ता गर्ने सात प्रदेशका अस्थायी राजधानी रहेको स्थानका शाखाहरुमा केन्द्रीय निर्वाचन समितिले एकजना प्रतिनिधि तोक्ने छ ।

७. प्रदेशसभा कार्यसमितिका लागि पत्रकार महासंघको बिधानको दफा १६(२)को व्यबस्था अनुसार देहायबमोजिमका पदहरुमा निर्वाचन हुने छ ।

| | |
|---|---|
| १) अध्यक्ष | १ |
| २) उपाध्यक्ष | १ |
| ३) उपाध्यक्ष (महिला) | १ |
| ४) महासचिव | १ |
| ५) सचिव | १ |
| ६) सचिव (समाबेशी) | १ |
| ७) कोषाध्यक्ष | १ |
| ८) सदस्य (खुल्ला) | ५ |
| ९) सदस्य (महिला) | ३ |
| १०) सदस्य (दलित) | १ |
| ११) सदस्य (आदिवासी-जनजाति) | २ |
| १२) सदस्य (मधेसी) | २ |
| १३) सदस्य (अल्पसंख्यक) | १ |







८.एक उम्मेदवारका लागि एक जना प्रस्तावकबाट प्रस्तावित तथा एक जना समर्थकबाट समर्थित हुनुपर्ने छ। एकजना सदस्यले जति जनालाई मतदान गर्न पाउने हो, ती पदका उम्मेदवारका लागि प्रस्तावक र सर्मथक बस्न पाउने छन्। तर एकै पदका दुई उम्मेदवारका लागि प्रस्तावक र समर्थकको नाम दोहोऱ्याउन पाइने छैन। कथंकदाचित उम्मेदवारको अन्तिम नामावली प्रकाशित हुनुअघि प्रस्तावक र समर्थकको नाम दोहोरिन गएको पाइएमा निर्वाचन समितिले सो त्रुटि सच्याउन निश्चित समय दिन सक्नेछ।

९. कुनै एक व्यक्ति कार्यसमितिको एक पदका लागि मात्र उम्मेदवार हुन पाउनेछ। पत्रकार महासंघको कुनै पनि कार्यसमितिमा बहाल रहेको व्यक्ति प्रदेश कार्यसमितिमा उम्मेदवार हुन पाउने छैन। उम्मेदवारी दिएको खण्डमा समितिले उम्मेदवारी रद्द गर्नेछ।

१०. कुनै उम्मेदवारको योग्यतामा प्रश्न उठी सो सम्बन्धमा दावी विरोध परेमा दावी प्रमाणित गर्ने जिम्मेवारी पनि सम्बन्धित दावी विरोध गर्नेमा नै रहनेछ। दावीकर्ताले यस्तो दावी र त्यसको प्रमाण आफ्नो शाखा स्तरीय निर्वाचन समिति वा केन्द्रीय निर्वाचन समिति समक्ष गर्न सकिनेछ।

११. प्रदेश अध्यक्ष हुन नेपाल पत्रकार महासंघको विधानअनुसार निरन्तर ७ वर्ष र अन्य पद तथा सदस्यका लागि ५ वर्ष अविच्छिन्न सदस्य हुनुपर्नेछ।

१२. निर्वाचन कार्यतालिका, उम्मेदवार मनोनयन पत्रको ढाँचा, मतपत्रको ढाँचा र प्रमाणपत्रको ढाँचा केन्द्रीय निर्वाचन समितिले तोकेअनुसार हुनेछ।

१३. उम्मेदवारी तथा निर्वाचन प्रक्रियामा कुनै विवाद परेमा विधानको व्यवस्था एवं यस निर्देशिकाले व्यवस्था गरेबमोजिम विवादको निरुपण आपसी सहमतिमा टुङ्गो लगाउने अधिकार निर्वाचन समितिलाई हुनेछ। निर्वाचन समितिले सुल्झाउन नसकेको विवादको अन्तिम किनारा लगाउने अधिकार केन्द्रीय अध्यक्षसँगको समन्वयमा केन्द्रीय प्रतिनिधिमा रहनेछ।

१४.प्रदेश कार्यसमिति निर्वाचन निष्पक्ष एवं भयरहित नभएका कारण विश्वासलाग्दो प्रमाणसहित कुनै उजुरी गर्नुपर्ने भएमा निर्वाचन सम्पन्न भएको १५ दिनभित्रै महासंघ केन्द्रीय समितिसमक्ष उजुरी गर्न सकिनेछ। यसरी परेको उजुरीउपर केन्द्रीय समितिले छानविन गरी १५ दिनभित्र निर्णय गरी विधान बमोजिम आवश्यक कार्वाही गर्नेछ। ढिलोगरी परेको उजुरीउपर कुनै कार्वाही हुने छैन।

१५. निर्वाचनमा समावेशी सिद्धान्तलाई प्राथमिकता दिनु पर्नेछ। कुनै प्रदेशमा निश्चित समावेशी समुदाय अर्थात महिला, दलित, जनजाति, आदिवासी, अल्पसंख्यक, पछाडि पारिएका, मधेशी वा अन्य समावेशी समुदायको व्यक्ति सदस्य नै नरहेको हकमा अनिवार्यताको प्रावधान लागू हुने छैन। आरक्षिततर्फ कुनै पदाधिकारी वा सदस्यमा उम्मेदवारी कायम नरहेको अवस्थामा सो संख्या स्वतः खुलामा थप गरी संख्या कायम गरेर निर्वाचन गराउनु पर्नेछ।

१६. प्रदेशसभा अध्यक्षको उम्मेदवारीका लागि रु. ७०००।- (सात हजार), पदाधिकारीका लागि ५०००।- (पाँच हजार) र सदस्यका लागि रु. ४०००।- (चार हजार) मनोनयन शुल्क लाग्नेछ। उम्मेदवारी शुल्क फिर्ता हुनेछैन। निर्वाचन समितिले सो शुल्क निर्वाचन प्रयोजनका लागि खर्च गर्न सक्नेछ। निर्वाचन समितिका प्रमुख र सदस्यहरुको पारिश्रमिक सम्बन्धित कार्यसमितिले तोके बमोजिम हुनेछ।

१७. मतदानलगत्तै मतगणना सम्बन्धित शाखामा गर्नु पर्नेछ। मत सदर वा बदर गर्ने विषयमा निर्वाचन समितिले उम्मेदवारहरूको प्रतिनिधिसँगको रोहबरमा गरेको निर्णय बमोजिम हुनेछ। तर, कुनै शाखामा

निर्वाचन स्थगित भएमा सो शाखा रहेको प्रदेशभरको मतगणना स्थगित हुनेछ । र, निर्वाचन स्थगित भएको शाखामा मतदान सम्पन्न भएपश्चात मात्र सबै साखाको मतगणना शुरु हुनेछ ।

१८. सबै शाखाहरुमा गणना भएको मतको परिणाम तत्काल केन्द्रीय निर्वाचन समितिसमक्ष पठाउनु पर्नेछ । यसरी १० वटै प्रदेशबाट प्राप्त मत परिणामको योग गरी अन्तिम परिणाम तयार गर्ने दायित्व केन्द्रीय निर्वाचन समितिको हुनेछ ।

१९. मतगणना गर्दा कुनै दुई वा दुई भन्दा बढी उम्मेदवारहरूले प्राप्त गरेको मत बराबर भएमा निर्वाचन समितिले बराबर मत प्राप्त उम्मेदवारहरूबीच आपसी सहमतिमा कार्यकालका लागि आलोपालो वा गोला हाली निर्णय गर्नु पर्नेछ ।

२०. निर्वाचनका क्रममा उम्मेदवार वा उम्मेदवारको पक्षमा होडिङ बोर्ड, फ्ल्याक्स ब्यानर, क्यालेण्डर, विज्ञापनजस्ता रंगीन र भड्किला सामग्री प्रयोग गर्न पाइने छैन । सामाजिक सञ्जालमा आरोप-प्रत्यारोप गर्न पाइने छैन । तर यो व्यवस्थाले सामान्य 'ए-फोर' साइजको आधाभन्दा सानो पर्चा निकाल्न बाधा पुऱ्याएको मानिने छैन ।

२१. उम्मेदवारले प्रदेशभरि प्रचारप्रसार गर्ने क्रममा मतदातासँग भेटघाट गर्न, सामूहिक छलफल गर्न र औपचारिक कार्यक्रमको समेत आयोजना गर्न सक्ने छन् । तर, कुनै पनि स्थानमा भोजभतेर गर्न पाउने छैनन् ।

२२.प्रदेश अधिवेशनको प्रतिवेदन एवं निर्वाचित पदाधिकारी र सदस्यको विवरण सम्बन्धित केन्द्रीय निर्वाचन समितिले प्रमाणित गरी निर्वाचन सम्पन्न भएको ३ दिनभित्र केन्द्रीय कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

२३. यस कार्यविधि निर्देशिका अनुकूल हुनेगरी केन्दीय निर्वाचन समितिले आवश्यक निर्वाचन आचारसंहिता, निर्वाचन कार्यक्रम सञ्चालन विधि र कार्यतालिका तय गर्न सक्नेछ ।

२४. यस कार्यविधि निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार केन्द्रीय समितिमा हुनेछ ।

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
Central Committee
Federation of Nepali Journalists